**२०७४ साल मङ्सिर २५ गते सोमबार दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :**

१. Fourth World Internet Conference (Wuzhen Summit) कार्यक्रममा राष्ट्रिय योजना आयोगका उपाध्यक्षको भ्रमण समर्थन गर्ने।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय—3rd Asia-Pacific Water Summit कार्यक्रममाराष्ट्रिय योजना आयोगका उपाध्यक्षलाई सहभागी हुन स्वीकृति दिने ।

३. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका काममा खटिने करार सेवाका कर्मचारी तथा सुरक्षाकर्मीहरुलाई दोहोरो नपर्ने गरी भत्ता तथा खाना/खाजा खर्च उपलब्ध गराउने ।

४. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— कम्बोडियामा हुने कार्यक्रममा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृतलाई सहभागि हुन स्वीकृति दिने ।

५. गृह सचिवको बैदेशिक भ्रमण विषयको गृह मन्त्रालयको नं. ९/११९-०७४/८/१४ को प्रस्ताव — प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

६. गृह मन्त्रालय— नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७३/१०/२० को निर्णयबमोजिमको सुविधाको अतिरिक्त पूर्व राष्ट्रपतिलाई देहायको सुविधाहरू गृह मन्त्रालयले उपलब्ध गराउने ।—

   क) सवारी चालक र इन्धन सहितको २ वटा सवारी साधन,

   ख) पत्रपत्रिका वापत मासिक तीन हजार रूपैयाँ,

   ग) खानेपानी, टेलिफोन/इन्टरनेट र विजुलीको वीलबमोजिमको रकम

७. गृह मन्त्रालय— आर्थिक सहायता उपलब्ध गराउने।

८. परराष्ट्र मन्त्रालय— परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०७४ स्वीकृत गर्ने ।

९. रक्षा मन्त्रालय—सहायक रथी द्वय दामोदर थापा र नवजीव शम्शेर ज.व.रा.को पदावधि थप गर्ने ।

१०. रक्षा मन्त्रालय— प्राविधिक उपरथी योगेन्द्र बहादुर खांणको पदावधि थप गर्ने ।

११. सूचना तथा सञ्चार मन्त्रालय—चलचित्र विकास बोर्डको अध्यक्ष पदमा श्री निकिता पौडेललाई नियुक्ति गर्ने ।

१२. सूचना तथा सञ्चार मन्त्रालय— गोरखापत्र संस्थानको महाप्रवन्धक पदमा श्री बसन्तप्रकाश उपाध्यायलाई नियुक्त गर्ने । ।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।**

**२०७४ साल मङ्सिर १४ गते बिहीबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :**

१. The Asia–Pacific Forum on Science and Technology Parks विषयक कार्यक्रममा राष्ट्रिय योजना आयोगका सदस्य श्री अरविन्दकुमार मिश्रको भ्रमण समर्थन गर्ने ।

२. अर्थ मन्त्रालय - भन्सार विभाग अन्तर्गतको आयोजना व्यवस्थापन कार्यालयका लागि मौजुदा दरबन्दीबाट पूर्ति गर्ने गरी चालु आर्थिक वर्ष २०७४/७५ मा आवश्यक पर्ने अस्थायी दरबन्दी स्वीकृत गर्ने ।

३. अर्थ मन्त्रालय— साना किसान परियोजनाको कार्यान्वयनको लागि नेपाल तथा भारत सरकार बीच भएको सम्झौताको संशोधन सहित म्याद थप गर्ने ।

४. गृह मन्त्रालय— नेपाल चेम्वर अफ कमर्सको (छैठौं संशोधन) विधान स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

५. गृह मन्त्रालय— हजरत मुहम्मद सल्ललल्लाहो अलैहे वोसल्लमको जन्म दिन (बाह्र रव्विउल) को शुभअवसरमा २०७४ साल मंसिर १५ गते र इसाई धर्मावलम्बीहरूको पर्व क्रिसमस डे (डिसेम्बर २५ तारिख) पुस १० गते सार्वजनिक विदा दिने।

६. गृह मन्त्रालय— आर्थिक सहायता उपलब्ध गराउने ।

७. परराष्ट्र मन्त्रालय— उच्चस्तरीय परराष्ट्र नीति पुनरावलोकन कार्यदलको कार्यावधि थप गर्ने ।

८. परराष्ट्र मन्त्रालय— लाभकर तथा रजिष्ट्रेशन दस्तुर मिनाहा दिने ।

९. भूमिसुधार तथा व्यवस्था मन्त्रालय— कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई हदबन्दी भन्दा बढी जग्गा राख्न छुट दिन स्वीकृति दिने ।

१०. भूमिसुधार तथा व्यवस्था मन्त्रालय— नेपाल सरकारको नाममा दर्ता भएको जग्गा पुम्दीकोट कोट विकास समिति पुम्दीभुम्दी ३ कास्कीको नाममा लिजमा उपलब्ध गराउन स्वीकृति दिने ।

११. भूमिसुधार तथा व्यवस्था मन्त्रालय— सुर्खेत जिल्ला, साविक कोटमाझखर्क गाउँ विकास समिति हाल भेरीगंगा नगरपालिका र साविक मेहलकुना, सहारे एवं धारापानी गाउँ विकास समिति हाल गुर्भाकोट नगरपालिका अन्तरगतको जग्गा दर्ता समिति गठन आदेश, २०७४ स्वीकृत गर्ने ।

१२. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय— नारायणगढ-मुग्लिङ् सडक खण्डको पुल्चोकदेखि आँपटारीसम्मको सडकलाई सार्वजनिक सडक ऐन, २०३१ को दफा ३ बमोजिम शहरी मार्गको मापदण्ड कायम गरी लागु गर्ने ।

१३. रक्षा मन्त्रालय— नेपाली सेनाका विभिन्न सेवा/समूहको नियमावली स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

१४. वाणिज्य मन्त्रालय— Bureau of International Exhibitions को सदस्यता शुल्क भुक्तानी गर्ने ।

१५. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय— ओमनमा आयोजना हुने दोस्रो विश्व पर्यटन तथा संस्कृति सम्मेलनमा मा.मन्त्रीलाई सहभागी हुन स्वीकृति दिने।

१६. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय— सुरक्षाको पूर्ण प्रत्याभूतिसहित कार्यान्वयन गर्ने गरी चीनको सिचुवान प्रान्तको छेन्दुमा पुरातात्विक र साँस्कृतिक वस्तुहरु प्रदर्शनी गर्न लैजाने स्वीकृति दिने।

१७. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय— लुम्बिनी विकास परिषद्को उपाध्यक्षमा अवधेश कुमार त्रिपाठीलाई मनोनयन गर्ने ।

१८. स्वास्थ्य मन्त्रालयका सचिव डा. किरण रेग्मी उमेरको हदको कारणबाट मिति २०७४।८।१८ देखि अनिवार्य अवकास प्राप्त गर्नुहुने भएकोले उहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिने ।

१९. स्वास्थ्य मन्त्रालयका बाह्रौं तहका अधिकृत डा. तरूण पौडेल उमेरको हदको कारणबाट मिति २०७४।८।१२ देखि अनिवार्य अवकास प्राप्त गर्नु भएकोले उहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिने ।

२०. २०७४ पुस २७ गते बिहीबार राष्ट्रिय एकता दिवसको अवसरमा नेपाल राज्यभरका सबै सरकारी कार्यालयहरू एवं विदेशस्थित नेपाली नियोगहरूसमेतमा सार्वजनिक विदा दिने ।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।**